# बुद्धभूमिनगरपालिका
# नगरकार्यपालिकाकोकार्यालय
हनुमानचोक, बुद्धी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०८०।०८१ ने.स.-११४४

चलानी नं.:

राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना ॥

**(दोस्रो पटक प्रकाशित मिति २०८०/११/२४)**

प्रस्तुत सम्बन्धमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च. नंरा .म.उ.स.इ१२५ / मिति २०८०/१०/०३ गतेको पत्रानुसार उक्त मन्त्रालयको चालु आर्थिक बर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत तपसिल बमोजिमको जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि अख्तियारि प्राप्त भएको हुदाँ विपन्न र एकल महिलालाई कृर्षि तथा पशुपालन, पर्यटन तथा गैरकृर्षि क्षेत्रमा केन्द्रित भई स्थानिय विपन्न महिलालाई सीप विकास तालिम प्रदान गरी व्यवसाय स्थापना र संचालन गर्न खर्च अनुदान (टेवा पूँजी वा बिउँ पूजीँ ) सहयोग उपलब्ध गराई रोजगार तथा स्वरोजगार सिर्जना गर्ने कार्यमा सहयोग गर्न र महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण र व्यावसायिक प्रवर्द्धनका लागि स्थानिय तहले यस कार्यक्रम संचालन गर्न संस्था छनोटको लागि सूचना प्रकाशन तथा प्रस्ताव आव्हान गर्नु पर्ने व्यवस्था बमोजिम उक्त आयमुलक कार्यक्रम संचालन र अनुदानका लागि आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ७ दिनभित्र बुद्धभूमि नगरपालिकामा यसै साथ संलग्न मापदण्डको अनुसुची-२ बमोजिम ढाँचामा प्रस्ताव पेश गर्नुहुन सूचना प्रकाशन गरिएको छ । साथै कार्यक्रम संचालन गर्ने संस्था छनौट (अनुसूची -३ बमोजिम हुने)तथा संस्थाले गर्नु पर्ने कार्य, प्रस्ताव पेश गर्ने ढाँचा,अनुदान ,तालिम सम्बन्धी व्यवस्था **राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि मापदण्ड २०७७** बमोजिम हुने हुनाले अध्ययनको लागि कार्यालयको **website www.buddhabhumimun.gov.np**मा उपलब्ध छ ।

तपसिल:

| क्र.सं | कार्यक्रमको नाम | कुल बजेट | प्रस्ताव पेश गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम | रु ७,५०,०००। | बुद्धभूमि नगरपालिकाको कार्यालय कपिलवस्तु | तालिम संचालन वापत रु १,००,०००।तथा व्यवसाय संचालन खर्च अनुदान २५ जना महिला रु २६,०००।का दरले रु ६,५०,०००। गरी जम्मा रु ७,५०,०००। |
| | | | | |

**आवश्यक कागजातहरु**

१.संस्थाको विधान र निवेद

२.संस्था दर्ता प्रमाण पत्र र नविकरण

३.आ.व २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन

४.स्थायी लेखा नम्बर तथा आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाण पत्र

५.प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश,अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यर्थाथ विवरण

६.संस्थाले लक्षित महिलाहरुलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामुहिकरुपमा आयआर्जन व्यसाय संचालन गर्ने गरि संथाले व्यवसायको प्रकृति हेरी कम्तिमा पाँच (५) दिनको तालिम पच्चिस (२५) जना लक्षित विपन्न र एकल महिलालाई आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरि प्रदान गर्ने योजना व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सहभागिलाई प्रदान गर्ने कार्यक्रमको अवधारणापत्र र व्यवसायिक योजना पेश गर्नु पर्ने छ ।

७. बेरुजु कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहरेको स्व-घोषणा ।

पूर्ण प्रसाद नेपाल

प्रमुख प्रशासकिय अधिकृत